नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

कार्यक्रम कार्यान्वयन एकाइ, बारा

(कार्य क्षेत्र बारा र पर्सा)

# सिंचाइ पूर्वाधार निर्माण (स्यालो ट्यूबवेल तथा डिप बोरिङ्ग) र कृषि यन्त्र उपकरणहरुको शिलबन्दी दररेट सहित सुचिकृत सम्बन्धी सुचना

**(दोस्रो पटक प्रकाशित मिति २०८२/०७/२८)**

यस कार्यक्रम कार्यान्वयन एकाइ, बाराको आ.व.२०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सिचाई पूर्वाधार निमार्ण तथा मर्मत सम्भार कार्यक्रम अन्तर्गत स्यालो टयुबवेल तथा डिप बोरिङ्ग जडान कार्यक्रमको लागि योग्यता पुगेको ईच्छुक ईजाजत प्राप्त संस्था, फार्म तथा कम्पनीबाट कार्यालयले उपलब्ध गराउने निर्दिष्ट फाराम भरि आवश्यक कागजपत्र सहित यो सुचना प्रकाशित भएको मितिले ७ औ दिन अर्थात २०८२/०८/०४ गते १२:०० बजे भित्र शिलबन्दी दररेट पेश गर्न सुचित गरिन्छ । रित पूर्वक समयभित्र प्राप्त शिलबन्दी प्रस्ताव सोही दिनको २:०० बजे आपुर्तीकर्ता वा निजको प्रतिनिधि तथा कार्यालयको कर्मचारीहरुको रोहवरमा शिलबन्दी प्रस्ताव खोलिनेछ । प्रस्ताव खोल्ने दिन बिदा पर्न गएमा सोको भोलिपल्ट प्रस्ताव खोलिने छ । आपुर्तीकर्ता वा निजको प्रतिनिधि उपस्थित नभएमा शिलबन्दी प्रस्ताव खोल्न बाधा पर्ने छैन । साथै यस सम्बन्धी बिस्तृत जानकारी तथा निर्दिष्ट फारामको लागि यस कार्यालयको वेबसाईट piubara.pmamp.gov.np वा कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध छ ।

**आवश्यक कागजातहरु :**

१. फार्म/कम्पनी दर्ताको प्रमाण पत्रको प्रतिलिपि,

२. फार्म नविकरणको प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्टारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्रको प्रतिलिपि अनिवार्य पेश गर्नु पर्ने,

३. स्थायी लेखा नम्वरको प्रमाण पत्रको प्रतिलिपि,

४. पछिल्लो आ.व. आ.व.२०८१/०८२ को कर चुक्ता प्रमाणपत्र वा म्याद थपको प्रमाणको प्रतिलिपि,

५. शिलबन्दी फारम दस्तुर रु १०००।०० को रकम राजस्व शिर्षक नं. १४२२९ प्रशासनिक सेवा शूल्क कार्यालय कोड नं. ३१२००२१०१ मा जम्मा गरेका बैंक भौचर ।

६. जमानतः-(यो शर्त स्यालो टयुबवेल तथा डिप बोरिङ्ग जडान कार्यमा मात्र लागू हुनेछ ।)( शिलबन्दी प्रस्ताव पेश गर्दा प्रस्तावकबाट आपूर्तिको लागि धरौटी रकम रु.५८७,५००.०० (अक्षरेपी पांच लाख सतासी हजार पांच सय मात्र) कार्यालय कोड नं. ३१२००२१०१, राष्ट्रिय वाणिज्य बैंक लि. को खाता नं. १२६०१००१०२०३०००० मा जम्मा गर्नु पर्नेछ वा नेपाल सरकारले तोकिएंको वाणिज्य बैंकबाट २०८३ साल असार मसान्त सम्मको मान्य अवधि रहने गरी जारी भएको बैंक जमानत (बैंक ग्यारेन्टी)। साथै न्यूनतम दररेट पेश गरिएको प्रस्तावक बाहेक सोही न्यूनतम मूल्य सूचीमा सामग्रीहरु आपूर्ति गर्न ईच्छुक भएका प्रस्तावकहरुले नियमानुसारको धरौटी रकम जम्मा गरी छनौट भएका अनुदानग्राहीहरुलाई सामग्रीहरु आपूर्तिक गर्न सकिनेछ ।

७. कालो सूचीमा नुरहेको स्व(घोषणा ।

८. समान प्रकृतिको काम गरेको भएमा सो सम्बन्धि प्रमाणहरुको प्रतिलिपी ।

९. प्रस्ताव पेश गरेका आंपुर्तीकर्ताहरु मध्ये सिचाई पूर्वाधार निमार्ण तथा मर्मत सम्भार कार्यक्रम अन्तर्गत स्यालो टयुबवेल तथा डिप बोरिङ्ग जडान सम्बन्धि सामग्रीहरुलाई समुहकृत गरी एकमुष्ठ पेश हुन आएका न्यूनतम मूल्यलाई आधार मानी मूल्य निर्धारण गरिनेछ ।

१०. यस कार्यालयबाट अनुदानमा पाएको कृषि मोटर र समर्सिवल मोटरमा केही त्रुटी भए वा बिग्रेमा मर्मत गराउनु पर्नेछ अन्यथा सोही धरौटीबाट कटा गरी मर्मत गरिने वा मर्मत नभएगा अनुदानग्राहीलाई नियमानुसार उपलब्ध गराउनु पर्नेछ ।

११. यस कार्यालयका प्राविधिकबाट तयार भएको निर्दिष्ट फारामको विवरणमा Offered Specification मा Make, Model, Mfg. Year Country of Origin मा अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ अन्यथा न्यूनतम दररेट पेश भएपनि स्वीकृत गरिने छैन ।

१२. यस सूचनामा उल्लेख गर्न छुट भएको अन्य शर्तहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, कार्यालयको निर्णयानुसार वा अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

**(राम बलम प्रसाद साह)**

**बरिष्ठ कृषि अधि**